# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## विष्णु गाउँपालिका
## सर्लाही

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## विष्णु गाउँपालिका
## सर्लाही

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## विष्णु गाउँपालिका

## सर्लाही

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

मधेश प्रदेश

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. १०१

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री अध्यक्षज्यू, विष्णु गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

सिमरा, सर्लाही।

१. **कैफियत सहितको राय** — हामीले विष्णु गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन्।

२.२. लेखापरीक्षणबाट रू.६७ लाख ९८ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु.५९ लाख ९० हजारको बेरुजु प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.९६ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७ लाख १२ हजार समेत रु.८ लाख ८ हजार रहेको छ । गाउँपालिकाको गतवर्ष सम्म रु.१३ करोड ६४ लाख ६४ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.११ करोड ९४ लाख

९२ हजार रहेको छ। गाउँपालिकाको बेरुजु वर्गिकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाह लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ। पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( श्यामप्रसाद भण्डारी )

**नायब महालेखापरीक्षक**

## विष्णु गाउँपालिका,

## सर्लाही

### १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | ४८ | ६७९८ | ० | २६ | ५९९० | ५५ | २२ | ८०८ | ९६ | ० | ७१२ | ० | ० | ७१२ | ० |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| विष्णु गाउँपालिका, सर्लाही | १३६४६४ | ० | १७७८० | ११८६८४ | ० | ८०८ | ११९४९२ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | ३८ | असुल दाखिलाको प्रमाण पेश | १००० |
| २ | २०७९।८० (चालु वर्षको) | ४० | डोर हाजिरीको प्रमाण पेश | ५९४० |
| ३ | २०७९।८० (चालु वर्षको) | ४२ | पारिश्रमिक कर असुल दाखिलाको प्रमाण पेश | ५६३३४ |
| ४ | २०७९।८० (चालु वर्षको) | ४३ | दोहोरो भत्ताको प्रमाण पेश | १०९७२ |
| ५ | २०७९।८० (चालु वर्षको) | ५१ | बैठक भत्ता नियमितको प्रमाण पेश | ७५००० |
| ६ | २०७९।८० (चालु वर्षको) | ५३.४ | बुक कर्नरको प्रमाण पेश | १११०००० |
| ७ | २०७९।८० (चालु वर्षको) | ५४.३ | बढी भुक्तानी सम्बन्धी प्रमाण पेश | ५२०० |
| ८ | २०७९।८० (चालु वर्षको) | ५५ | गत वर्षको भुक्तानी सम्बन्धी नियमितको प्रमाण पेश | २४६१४४२ |
| ९ | २०७९।८० (चालु वर्षको) | ५६ | प्रविधि हस्तान्तरण सम्बन्धी प्रमाण पेश | ९८८००० |
| १० | २०७९।८० (चालु वर्षको) | ५७.३ | कार्य सम्पन्न प्रतिवेदन सम्बन्धी प्रमाण पेश | १०००००० |

| | | | | |
|---|---|---|---|---|
| ११ | २०७९।८० (चालु वर्षको) | ५७.५ | कार्य सम्पन्न प्रतिवेदन सम्बन्धी प्रमाण पेश | २५५००० |
| १२ | २०७९।८० (चालु वर्षको) | ५७.६ | अग्रिम कर दाखिलाको प्रमाण पेश | २०७७२ |
| **चालु वर्षको जम्मा** | | | | **५९८९६६०** |
| १ | ०७७।७८ (गत विगत वर्षको) | ४०.४ | विश्वनाथ साहबाट राजस्व दाखिला गरेको भौचर पेश | ५४४०० |
| २ | ०७८।७९ (गत वर्षको) | १९ | विभिन्न ९ विद्यालय, २ मदरसा र सवरी महिला समूहको पेश्की फस्यौंट | ३५७५७५० |
| ३ | ०७८।७९ (गत वर्षको) | २४ | जनता प्रा.वि मधुवनको निर्माण कार्य सम्पन्न पेश | ३६००००० |
| ४ | ०७८।७९ (गत वर्षको) | २८.६ | धरौटी रकम कट्टा गरी दाखिला भएको प्रमाण पेश | ४१०००० |
| ५ | ०७८।७९ (गत वर्षको) | ३७.२ | रकम असुली र दाखिला भएको प्रमाण पेश | ९६९८३.३० |
| ६ | ०७८।७९ (गत वर्षको) | ४२.२ | रकम असुली र दाखिला भएको प्रमाण पेश | ६२५०० |
| ७ | ०७८।७९ (गत वर्षको) | ४२.३ | रकम असुली र दाखिला भएको प्रमाण पेश | ७०००० |
| ८ | ०७८।७९ (गत वर्षको) | ४६.४ | सुरेन्द्र महतो रु.८०००/कपल राय रु.४०००/सुरज साह रु २९९३ | १४९९३ |
| ९ | ०७८।७९ (गत वर्षको) | ४७.३ | विश्वनाथ प्रसाद साहले डोजर वापतको राजस्व दाखिला गरेको प्रमाण पेश | ७४८०० |
| १० | ०७८।७९ (गत वर्षको) | ४७.३ | गाउंपालिका भवन निर्माणको व्यवसायीको कार्य सम्पादन जमानत पेश भई आएको | ९८२००९३ |
| **गत विगत वर्षको जम्मा** | | | | **१७७७९५१९.०३** |
| **कूल जम्मा** | | | | **२३७६९१७९.०३** |

# परिचय

१ **(क) कार्यालयको परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडार सभा सदस्य ४४ रहेको छ भने क्षेत्रफल २८.०९ वर्ग किलोमिटर तथा ३५९६८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।३ देखि २०८०।१०।७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

२ **आय र व्ययः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम विष्णु गाउंपालिका, गाउं

कार्यपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारको आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।८० को समग्र कोषको अवस्था निम्न वमोजिम रहेको छः

| | आयतर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|
| सि.नं | विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी मोज्दात | | ९१९२०६४९ | चालु खर्च | | २०६९२२७८८ |
| | क) बैंक | ८८१०३३४३ | | क) सशर्त अनुदान चालु | ९७३२५८९३ | |
| | ख) धरोटीको सुरु मोज्दात | २७५७५७१ | | ख) संघिय राजस्व बाडफाड | ३२९५०३५० | |
| | ग) विविध खर्च खाता मोज्दात | २९५० | | ग) आन्तरिक स्रोत | ७६५४६७६६ | |
| | घ) प्रकोप व्यवस्थापन कोष | १०५६७८५ | | घ) समानिकरण अनुदान | ९९७७९ | |
| २ | राजस्व ( आन्तरिक आय) | | ६७४४९२५५ | पूँजीगत खर्च | | १४३८०९४६९.९ |
| | क) आन्तरिक राजस्व | ३८७९७७२ | | क) समानिकरण अनुदान | ८४५४६४०२ | |
| | ख) राजस्व बाँडफाँड संघिय | ५८७०७२५५ | | ख) प्रदेश सशर्त पुजीँगत | ४९९२०८९ | |
| | ग) राजस्व बाँडफाँड प्रदेश | ४८६२२२८ | | ग) प्रदेश विशेष अनुदान | २९८४४९९ | |
| ३ | वित्तिय हस्तान्तरण संघीय | | २४५८५७७५० | घ) सशर्त अनुदान पुजीगत | २९९२६४३८ | |
| | क) वित्तिय समानीकरण अनुदान | ९८४२०००० | | ङ) प्रदेश समानिकण अनुदान | ७३६३००० | |
| | ख) सशर्त अनुदान चालु | ११०५८७७५० | | च) प्रदेश समपुरक अनुदान | १९९७७७१ | |
| | ग) सशर्त अनुदान | ३६८५०००० | | छ) संघिय राजस्व | ९८६०१७८ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पुजींगत | | | बाडँफाडँ | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | १७३६३००० | ज) गाउँपालिका आन्तरिक स्रोत | २०००००० | |
| | क) वित्तिय समानीकरण अनुदान | ७३६३००० | | झ) सशर्त चालु खर्च | १३९०९२ | |
| | ख) सशर्त अनुदान | ५०००००० | | विविध खर्च खाता खर्च | | १८४७५५ |
| | ग) समपुरक अनुदान | २०००००० | | धरौटी फिर्ता | | ८१५८६९ |
| | घ) विशेष अनुदान | ३०००००० | | शसर्त अनुदान फिर्ता | | २००७१९६७ |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | ११३६८०८२९ | अन्तर स्थानीय तहबाट प्राप्त | | |
| | क सामाजिक सुरक्षा | ९८२१७८२९ | | क सामाजिक सुरक्षा | | ९८२१७८२९ |
| | ख) स्थानीय पुर्वाधार विकास | १५०००००० | | ख) स्थानीय पुर्वाधार विकास | | १५०००००० |
| | ग) गरिव संग विश्वेश्वर | ४६३००० | | ग) गरिव संग विश्वेश्वर | | ४६३००० |
| ६ | अन्य आय | | २९४३९४८ | बैंक मौज्दातहरु | | ५३७२९७५३ |
| | क) धरौटी आय | २२३६४३८ | | क) बैंक मौज्दात | ४७९६९१२४ | |
| | ख) कोलेनिका धरोटी खाता | ३२६५६८ | | ख) विविध खर्च खाता मोज्दात | १९९१३७ | |
| | ग) विविध खर्च खाता आम्दानी | ३८०९४३ | | ग) धरौटी मौज्दात | ४१७८१४० | |
| | | | | घ) कोलेनिका धरोटी खाता | ३२६५६८ | |
| | | | | ङ) प्रकोप व्यवस्थापन कोष | १०५६७८५ | |
| | **जम्मा** | | **५३९२१५४५१** | **जम्मा** | | **५३९२१५४५१** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन**

**वित्तीय बिबरणको परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं.२७२ | ८९६५११६५ | ३१०५९८०३८ | ३५०७३२२५८ | ४७९६९१२३ |
| एकीकृत आर्थिक विवरणअनुसार | ९०८६३८६३ | ३४८७५०३८६ | ३६७१९५८८४ | ५२३४६३९९ |
| **फरक** | **१२१२६९८** | **३८१५२३४८** | **१६४६३६२६** | ४३७७२७६ |

माथि उल्लिखित तालिका अनुसार जिम्मेवारी रु.१२१२६९८ यस बर्षको प्राप्तिमा रु.३८१५२३४८ भुक्तानीमा रु. १६४६३६२६ र मौज्दातमा रु.४३७७२७६ फरक देखिएकोमा कारण स्पष्ट देखिएन।

सैद्धान्तिक बेरुजु

४ **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.३८७९७७२.४० राजस्व बाँडफाँड र अनुदानबाट रु.४३३४९८०४० समेत रु.४३७३७७८१२ आम्दानी भएकोमा चालुतर्फ रु.२०६९२२७८८.११ पूँजिगततर्फ रु.१४३८०९४६९ र वित्तीय ब्यबस्थातर्फ रु.१६४६३६१४ समेत रु.३६७१९५८८१ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.२१७१०७६६ खर्च भएको छ। जुन आन्तरिक आयको ५५९ प्रतिशत

रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६ प्रतिशत चालु र ३९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।१०।०४ मा रु ५० करोड ८७ लाख ८८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।१०।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **योजना प्राथमिकीकरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार ८ वडाको लागि वडास्तरीय ४९ र पालिकास्तरका २४ गरी कुल ७३ योजनामा वजेट विनियोजन गरेको छ। २० लाख माथिका योजना ३० वटा र २० लाखसम्मको योजना २६ रहेको छ ।

| **क्र.सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाखमाथिका योजना सङ्ख्या** | **रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५ लाखभन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २४ | १९ | ५ | |
| २. | वडास्तरीय | ४९ | ११ | २१ | १७ |

| | . जम्मा | ७३ | ३० | २६ | १७ |
|---|---|---|---|---|---|

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

७ **बैङ्क हिसाव विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन। पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको देखिएकोले बैंक हिसाव मिलान विवरण तयार गरी श्रेस्ता र बैंक बराबर देखाउनु पर्दछ।

| **क्र.सं** | **खाताको नाम** | **श्रेस्ता अनुसार बाँकी** | **बैंक स्टेटमेण्ट अनुसार बाँकी** | **फरक** |
|---|---|---|---|---|
| १ | ग१.१आन्तरिक राजस्व खाता | ० | ० | ० |
| २ | ग१..२बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| ३ | ग१. ३ आन्तरीक अनुदान खाता | ० | ० | ० |
| ४ | ग१२.२ चालु खर्च खाता जोर वर्ष | १९४१३७०२ | ० | १९४१३७०२ |
| ५ | ग२.४ पुंजीगत खर्च खाता जोर वर्ष | २४६७५६४७ | ० | २४६७५६४७ |
| ६ | ग२.७ विविध खर्च खाता | १४६९१ | १९९१३६ | १८४४४५ |
| ७ | स्थानीय धरौटी खाता | ४१७८१३९ | ४५०४७०७.0 | ० |
| ८ | स्थानीय तह सञ्चित कोष खाता | ३८७९७७२ | ४७९६९१२३ | ४४०८९३५१ |

| | | | | |
|---|---|---|---|---|
| ९ | ग ७.२ प्रकोष व्यवस्थापन खाता | १०५६७८५ | १०५६७८५ | ० |
| | **जम्मा** | **५३२१८७३६** | **५३४०३१८३** | **८८३६३१४५** |

माथि उल्लिखित विवरण अनुसार श्रेस्ता अनुसार बाँकी रु. ५३२१८७३६ बैंक स्टेटमेण्ट अनुसार बाँकी रु.५३४०३१८३ फरक रु.८८३६३१४५ देखिएकोले हिसाव मिलान गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८ **वार्षिक खरिद योजना/गुरुयोजनाः** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १४३८०९४६९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९ **तलब भत्ता :** पहिले जनता तेजनारायण दयावती मा.वि.पकडी फेन्हरा र हाल श्री मा.वि मधुवन विश्वनाथपुरका शिक्षकको २०७६ मंसिर महिना देखि २०८० असार मसान्तसम्मको हाजिरी प्रमाणित गरी एकमुष्ठ तलब भत्ता रु. २४०४३९०।०० गो.भौ.न. २३४ मिति २०८०।०३।२४ बाट भुक्तानी भएको देखिन्छ।पालिकाले यस्तो रकम भुक्तानी गर्दा प्रधानाध्यापकको प्रमाणित पत्रबाट एकिन गरेर मात्र भुक्तानी गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१० **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन् । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

- जिन्सी निरीक्षण प्रतिवेदन अनुसार लिलाम विक्री र मर्मत नभएको,
- आन्तरीक लेखापरीक्षण नगराएको,

• भ्रमण अभिलेख खाता नराखेको,

• इन्धनको भुक्तानीमा लगबुक नराखेको र

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **नन्फाइलर –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. १९८७९६ समेत रु. ३५०८६४९५ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ति फर्महरु कर विवरण नबुझाई नन्फाइलर रहेको पाइयो । यसरी उक्त कारोवार रकमको कर समायोजनको प्रमाणपत्र पेश हुनुपर्ने देखिन्छ।

| भौ.नं. र मिति | आपूर्तकको नाम | प्यान नम्वर | भुक्तानी रु. | मु.अ.कर रु. | नन्फाइलर |
|---|---|---|---|---|---|
| २३।०८०।३।२४ | अक्वा फ्रेस नेपाल एण्ड सोलार प्राली विल नं ०३५।३।२३ | ६०६००७४१२ | ९८०१५० | ८५१५० | ०७३।१०।२५ देखि मु.अ.कर ननफाइलर |
| ५१।०८०।३।१२ | पि आर मल्टीपल टेडर्स एण्ड सप्लायर्स | ६०९७७२६७२ | ९८७८४६ | ११३६४६ | ०७९माघ देखि ननफाइलर |
| ३।०७९।१०।१७स्थानीय पुर्वाधार | धुलिखेल एक्सिस एशिन जे.भि वानेश्वर काठमाण्डौ | ६१५८८८५१६ | १२६३७००० | १४५३८१५ | ०७९।८० ननफाइलर |
| १०।०७९।११।१२ | धुलिखेल एक्सिस एशिन जे.भि वानेश्वर | ६१५८८८५१६ | ५४८१५०० | | ०७९।८० ननफाइलर |

| | | | | | |
|---|---|---|---|---|---|
| | काठमाण्डौ | | | | |
| १।८०।१।१७ | धुलिखेल एक्सिस एशिन जे.भि वानेश्वर काठमाण्डौ | ६१५८८८५१६ | ५५३७८९२ | | ०७९।८० ननफाइलर |
| ३।०८०।१।२६ | धुलिखेल एक्सिस एशिन जे.भि वानेश्वर काठमाण्डौ | ६१५८८८५१६ | ९४६२१०७ | | ०७९।८० ननफाइलर |
| | **जम्मा** | | **३५०८६४९५** | **१९८७९६** | |

सैद्धान्तिक बेरुजु

१२ **वीमा नगराएको-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ३ (क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई रु. २० लाख भन्दा माथिको लागत अनुमान भएको काम गराउँदा अनिवार्य रुपमा बीमा गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले निम्न बमोजिमको कार्य उपभोक्ता समितिबाट रु. २० लाख भन्दा माथिको काम रु ३९७९५८०३ गराएकोमा अनिवार्य बीमा गरेको पाइएन। अतः पालिकाले नियमावलीमा भएको व्यवस्थालाई पालना गराउनु पर्दछ ।

| **भौ.नं. र मिति** | **कामको विवरण** | **लागत अनुमान** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|
| २५।०८०।१।१० | पालिमा वडा नं४ सुरज महतोको चिरान देखि विकाउ चौधरीको खेत सम्म मर्मत तथा ढलान | २४४२९७७ | २४३४१५२ | विमा ल्याव टेष्ट क्युव टेष्ट नगराएको |
| ३२।०८०।१।२८ | रामजानकी मन्दिर निर्माण उपभोक्ता समिति | ३८८५९९० | ३३६८९६० | विमा ल्याव टेष्ट क्युव टेष्ट नगराएको |

| | | | | |
|---|---|---|---|---|
| ३७।०८०।२।१६ | पालिका वडा नं ६पुरानो पुल देखि रोसन रायको चोक सम्म नाला निर्माण | ६६६६६३४ | ५९९८०३२ | विमा ल्याव टेष्ट क्युव टेष्ट नगराएको |
| २२।०७९।१२।२७ | पालिमा ७बंगुर फारम निर्माण उ.स | ३८८६७५६ | ३४९६१७५ | विमा ल्याव टेष्ट क्युव टेष्ट नगराएको |
| २३।०७९।१२।३० | पालिका -६ मा दलित घर ४ निर्माण उ.स | ९२५४८६६ | ६०००००० | विमा ल्याव टेष्ट क्युव टेष्ट नगराएको |
| ४०।०८०।२।२९ | पालिका-८सामाजिक आधारभूत विद्यालय दुल्वा | ३८८५२९३ | ३४०६१५६ | विमा ल्याव टेष्ट क्युव टेष्ट नगराएको |
| ४९।०८०।३।६ | पालिका-८ हरीयरी चोक देगि ठागारायको घर सम्म नाला निर्माण उ.स | ३९९९७८३ | ३५९६८०४ | विमा ल्याव टेष्ट क्युव टेष्ट नगराएको |
| ६३।०८०।३।२२ | पालिका -६महारानी मन्दिर निर्माण उ.स | ३३३१३३५ | २९९८२०२ | विमा ल्याव टेष्ट क्युव टेष्ट नगराएको |
| ४१।०८०।२।३० | पालिका -८गौरी रायको घर देखि स्वास्थ्य चौकी सम्म नाला | ३७४९३३९ | ३३७३७१८ | विमा ल्याव टेष्ट क्युव टेष्ट नगराएको |
| ५३।०८०।३।१४ | पालिका-७ मियाटोल देखि रामजानकी मन्दिर नाला निर्माण उ.स | ५६९२८९४ | ५१२३६०४ | विमा ल्याव टेष्ट क्युव टेष्ट नगराएको |
| | **जम्मा** | | **३९७९५८०३** | |

सैद्धान्तिक बेरुजु

१३ **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको

एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आन्तरीक लेखापरीक्षक पदपुर्ति नभएकले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१४ **जिन्सी निरीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा मर्मत गर्नुपर्ने मालसमान भए ३ महिना भित्र र लिलाम गर्नुपर्ने मालसमान ६ महिना भित्र लिलाम गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१५ **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको देखिएको छ।

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त चालु | १०९५४७७५० | ९६४२५८९४ | १३२६१८५६ |
| | शसर्त पुँजिगत | ३६९९०००० | ३००६५५३० | ६९२४४६९ |
| | विषेश | ० | ० | ० |
| | विशेष अनुदान पुं | ० | ० | ० |
| | समपुरक पू | ० | ० | ० |
| **प्रदेश सरकार** | शसर्त पूजिगत | ५०००००० | ४९७६५८८ | २३४१२ |

| | | | | |
|---|---|---|---|---|
| | विषेश अनुदान चालु | ३000000 | २९८४४९९ | १५५०१ |
| | समपुरक | २000000 | १९९७७७१ | २२२९ |
| | **जम्मा** | **१५६५३७७५०** | **१३६४६५७८३.१८** | **२०२२७४६७** |

पालिकाले माथि उल्लिखित तालिका अनुसार प्राप्त अनुदान रु.१५६५३७७५० तथा खर्च रु.१३६४६५७८३.१८ भएकोमा बाँकी रु.२०२२७४६७ मिति २०८०।३।३१ को र मिति ...... को रु.१४0000 संघ र प्रदेशमा फिर्ता गरेको छ।

| सैद्धान्तिक बेरुजु |
|---|

१६ **प्राविधिक मुल्याङ्कन वेगर भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसार कार्यको लागि नापी किताव लगायत प्राविधिक कार्य सम्पन्न प्रतिवेदन तयार नगरी, खर्च लेखेको रु.२९६९५५० रकम पुष्टि हुने आधार पेश नभएकोले सो कार्यको प्राविधिक मुल्यांकन पेश हुनुपर्ने देखिन्छ।

| **भौ.नं.र मिति** | **कार्य** | **भुक्तानी .** | **व्यहोरा** |
|---|---|---|---|
| पालिका पूंजिगत<br>१९।०७९।१२।१५ | वडा नं ८ मा भेपर लाइट जडान | ९८४७९५ | पोलबत्ती जडान भएको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन |
| ८३।।०८०।३।२४ | वडा नं ५ र ६ मा सडक वत्ती जडान | ९९६९०९ | पोलबत्ती जडान भएको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन । |
| ५१।०८०।३।१२ | वडा नं ४ मा भेपरलाइट जडान | ९८७८४६ | पोलबत्ती जडान भएको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन |
| | जम्मा | २९६९५५० | |

| सैद्धान्तिक बेरुजु |
|---|

१७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायानुसार रहेको देखिन्छ।

| **क्र.सं.** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३२९९४००० | १५६४०५६१ | ४७.४ |
| २ | पूर्वाधार विकास | २२०४२९००० | १२२५०६३४६ | ५५.५८ |
| ३ | सामाजिक विकास | १३७५६९७०० | १०४९३००२८ | ७६.२७ |
| ४ | सुशासन तथा अन्तर सम्बन्ध | १४४५०००० | ११६१५२४४ | ८०.३८ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ११४९००२०० | ९६०४००७७ | ८३.५९ |
| **जम्मा** | | **५२०३४२९००** | **३५०७३२२५८** | ६७.४ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिक सबैभन्दा बढी ८३ .५९% प्रतिशत र आर्थिक विकास मा सबै भन्दा घटीमा ४७.४० प्रतिशत रहेको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१८ **मूल्य अभिबृद्धि दाखिला नभएको-** मूल्य अभिबृद्धि कर ऐन, २०५२ तथा नियमावली २०५३ अनुसार सम्झौता गरी आय ठेक्का लगाउंदा मू.अ.कर सहित ठेक्का लगाउनु पर्ने र असुली पश्चात मू.अ.कर रकम आन्तरीक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले लगाएको आय ठेक्कामा मू.अ.कर सहित ठेक्का लगाएकोमा यस वर्ष ०७९।८० मा आय गरेको देहाय अनुसारको रकममा मू.अ.कर रु ४७४२४ राजस्व दाखिला गरेको नदेखिएकोले दाखिला गरेको भौचर प्रमाण पेश गर्नुपर्ने रु.

| व्यावसायीको नाम | माछापोखरीको नाम | कवोल रकम ५वर्षको | ०७९।८० आय | मु.अ.कर रकम |
|---|---|---|---|---|
| राघोराय यादव | वडा नं ७ दुल्वा | ९५११०० | २३७७५ | २७३६ |
| रामनाथ राय यादव | वडा नं ८ वर्तौल | ४०००८० | १०००२५ | ११५०८ |
| अकलु सहनी | वडा नं ६ सिमरा | ९१७००० | १८३४०० | २११०० |
| अजय मण्डल | वडा नं ६पुरहीया | १०५००० | १०५०० | १२०८० |
| जम्मा | | | | ४७४२४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४७,४२४ |

१९ **कर चुक्ता वेगर धरौटी फिर्ताः** आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ६४ मा कार्यालयमा प्राप्त भइ खर्च भएर बांकी धरौटी रकम स्रेस्ता खडा गरी अध्यावधिक अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाको पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार गत वर्षको जिम्मेवारी रु २७५७५७१ यस वर्षको आय रु २२३६४३७ जम्मा रु ४०९४००८ मा फिर्ता खर्च रु ८१५८६९४९९३७५गरी रु ४५०४७०७ मौज्दात रहेको देखाएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छ ।

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ६६ मा कार्यालयमा प्राप्त धरौटी रकम काम सम्पन्न भएको एक वर्ष भित्र धरौटी फिर्ता दिन सकिने व्यवस्था छ । देहायका व्यक्ति तथा संस्थालाइ धरौटी फिर्ता रु ३६४७७९ गरेकोमा कर चुक्ता वा आय विवरण पेश गरेको प्रमाण वेगर धरौटी फिर्ता गरेको देखिएकोले कर चुक्ता प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| भौ.नं. र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ३।०७९।४।२० | केन्द्र चन्द भवरलाल | २९७७९ | धरौटी माग गरेको निवेदन कर चुक्ता प्रमाण पेश नभएको |

| | | | |
|---|---|---|---|
| ४।०७९।४।२० | जय राजदेवी इन्जिनियरीङ्ग | ४२१५० | धरौटी माग गरेको निवेदन कर चुक्ता प्रमाण पेश नभएको |
| ६।०७९।४।२० | जय राजदेवी इन्जिनियरीङ्ग | ८४००० | धरौटी माग गरेको निवेदन कर चुक्ता प्रमाण पेश नभएको |
| ७।०७९।४।२० | सोनुप टेडर्स प्रा.ली | ११४०५० | धरौटी माग गरेको निवेदन कर चुक्ता प्रमाण पेश नभएको |
| ८।०७९।४।२० | सोनुप टेडर्स प्रा.ली | ९४८०० | धरौटी माग गरेको निवेदन कर चुक्ता प्रमाण पेश नभएको |
| | **जम्मा** | **३६४७७९** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६४,७७९ |

२० **जिम्मेवारी घटीः** स्थानीय संचित कोष व्यवस्थापन प्रणाली सुत्रबाट तयार भएको आ.व. २०७९।८० को वितिय प्रतिवेदन म.ले.प.फा.नं.२७२ को अनुसुचीमा संचित कोषमा गतवर्षको मौज्दात रु ९१२३२६६६ बांकी देखाएकोमा यो वर्ष रु ८९६५११६५ जिम्मेवारी सारेको देखिएकोले रु. १५८१५०१ घटी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु ९८२१७८२९ र स्थानीय पुर्वाधार विकास साझेदारीको रु १५००००० गरीवसंग विशेश्वरको रु ४६३००० गरी जम्मा रु ११३६८०८२९ सुत्रमा लेखाङ्कन गरेको छैन् । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन् । तसर्थ, सबै आर्थिक कारोबार सुत्र मार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२२ **तलवी प्रतिवेदन-** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य ऐन, २०५३ तथा शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेखु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित

नगराई पालिकाका चालुतर्फका कर्मचारीको रु. ६८४०९६०।० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२३ **दरबन्दी र पदपूर्ति** - प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ मा स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति हुनुपर्ने व्यवस्था छ । पालिकाको वडा सहित स्वीकृत २९ दरबन्दी रहेकोमा स्थायीमा ११, करारमा २ पदमात्र पदपूर्ति भई १६ पद रिक्त रहेको छ । जसमा अधिकृत स्तरका ४ जना सहित अन्य सहायक कर्मचारी तथा कार्यालय सहयोगी पद रिक्त रहेका छन् । सेवा प्रवाहसँग प्रत्यक्ष संलग्न हुने पदहरु रिक्त रहँदा पालिकाको सेवाप्रवाहमा असर पर्ने हुँदा रिक्त पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२४ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्नसकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट ५ लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु १०८८९६४।० खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२५ **विविध खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविध खर्च वापत रु. २०१०६८७।० खर्च गरेको छ । यस्तो खर्च विभिन्न चामल, दाल, तेल, खाजा, खाना आटा लगायतमा खर्च हुने गरेको देखिन्छ । कानूनी रुपमा मापदण्ड तोकेर मितव्ययी रुपमा खर्च गर्न सकिने भएतापनि पालिकाले यस्तो खर्चमा कुनै मापदण्ड बिकास नगरेको, बिल बिजक भौचर साथ राख्ने गरेतापनि प्रयोजन र औचित्यता तथा आधार पुष्टी गर्ने नगरेको जस्ता कमजोरीहरु देखिएका छन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । केही उदाहरण

| **भौचर नम्बर** | **फर्म** | **विवरण** | **रकम** |
|---|---|---|---|
| ३०।०७९।१०।२३ | साह ट्रेडर्स | ग्यास आलु प्याज दाल चियापति लगायत | ४५१०५५ |

| | | | |
|---|---|---|---|
| ७०।०७९।११।१० | साह ट्रेडर्स | साबुन तेल काजु किसमिस आलु दाल मसला लगायत | ७८७५० |
| १५८।०७९।१२।१७ | साह ट्रेर्डस | खाजा पानी | ७९५१५ |

सैद्धान्तिक बेरुजु

२६ **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत् निर्माण कार्य गराउँदा अधिकांशमा गुणस्तर परिक्षण गरेको छैन्। निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनि आश्वस्ता हुन सक्ने अवस्था छैन्। नियममा तोकिए अनुसार सबै निर्माण कार्यमा गुणस्तर परीक्षण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन्। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन्:

- साकार मिडिया सेन्टर लालबन्दीलाई मूल्य अभिवृद्धि कर समेत रु २००००।० भुक्तानी गरेकोमा विजक नम्बर हातले लेखेको,
- पदाधिकारीले निर्णय बेगरको बैठकमा समेत बैठक भत्ता लेखेको,
- खरिद गरीएको सामानको आम्दानी र खर्चको अभिलेख तयार नगरेकोले मौज्दातको अवस्था यकिन गर्न नसकिएको,
- सर्लाही संचार केन्द्रलाई सामाजिक सुरक्षा नविकरण सम्वन्धि सुचना छपाइमा रु ७००००।० मूल्य अभिवृद्धि कर समेत भुक्तानी गरेकोमा २०७९ बाट Income तथा Vat Nonfiler देखिएकोले सोको मुल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नुपर्दछ ।
- पालिकाले विक्की ट्रेडर्सबाट रु ३८६२९०।० मा छपाइ सहितको ब्याग ५० थान र रेनकोट ५० थान खरिद गरेकोमा २८ जनालाई मात्र वितरण गरी बाँकी मौज्दात राखेको छ । पालिकाले यस्तो सामाग्री खरिद गर्दा आवश्यकताको पहिचान गरेर आवश्यकता अनुसार खरिद गर्नुपर्दछ ।
- भौचर नं ६२ बाट जनता तेजनारायण दयावती माविलाई सञ्चालन तथा व्यवस्थापन खर्च भनी रु ४२००००।० अनुदान दिएकोमा सोही शिर्षकमा सशर्त चालुबाट समेत अनुदान निकासा हुने भएकोले दोहोरो शिर्षक हुने गरी लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
- प्रमुख प्रशासकिय अधिकृतले कामको प्रयोजले भ्रमण जानुपर्दा आफैले भ्रमण स्वीकृति गरेको,
- पालिकाले यस वर्ष आठै र नबौ सभामा चिया खाजा खाना स्टेशनरी लगायत सञ्चालनमा रु

६९९८४५ खर्च लेखेको छ । जसमा खाना/ खाजाको दर रु ४५० र ३५० राखेको देखिन्छ पालिकाले सभा सञ्चालन खर्चको कुनै छुट्टै मापदण्ड तयार नगरेकोले र प्रदेश खर्च मापदण्ड अनुसार खाजा वापत प्रति व्यक्ति रु ३५० र खाजा बापत रु २०० मात्र रहेकोले प्रदेश खर्च मापदण्ड भन्दा अधिक मुल्य राखी खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गरि मितव्ययी तरिकाले खर्च गर्नुपर्दछ ।

- भौचर नम्बर २८४ बाट गर्भवती उत्प्रेणा कार्यक्रमबाट ९ थान नोकिया मोबाइल सेट रु २२०४९ मा खरिद गरिएकोमा सोको सहायक जिन्सी रजिष्टार खाता तयार गरेको छैन ।

सैद्धान्तिक बेरुजु

२८ **सवारी साधन मर्मत-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले सावरी साधन मर्मत गर्दा मर्मत अभिलेख तयार नगरी तथा केहिमा मर्मत आदेश समेत स्वीकृत नगरी सवारी मर्मतमा रु १४९७८०५।० खर्च लेखेको छ । नियमको पालना तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

२९ **भ्रमण तथा अनुगमन खर्चः** भ्रमण खर्च नियमावली, २०६४ मा पदाधिकारी तथा कर्मचारीले भ्रमण प्रयोजन खुलाएर भ्रमण स्वीकृत गराउनुपर्ने व्यवस्था छ। साथै यसै नियमावलीको नियम १८ मा भ्रमण गर्ने कर्मचारी तथा पदाधिकारीले भ्रमण प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले भ्रमण प्रतिवेदन तथा भ्रमण अभिलेख नराखी रु १३५०१२७।० खर्च लेखेको छ। अधिकांश भ्रमण आदेशमा भ्रमण प्रयोजनमा काम विशेष नखुलाई कार्यालयको काम लेखेको तथा भ्रमण विल स्विकृत नगरेको देखिन्छ। साथै भ्रमणको उपलब्धी सहितको भ्रमण प्रतिवेदन संलग्न राखेको पाइएन। नियमावलीले तोके अनुसार प्रयोजन खुल्ने कार्यमा मात्र भ्रमण आदेश स्वीकृत गर्ने तथा भ्रमण प्रतिवेदन संलग्न राखेर मात्र खर्च लेख्नुपर्दछ । भ्रमणको उद्देश्यमा कार्यालयको काम उल्लेख गरेका केही उदाहरणहरुः

| कर्मचारी | मिति | स्थान | विवरण |
|---|---|---|---|
| संजव सापकोटा | ०७९।१२।१९ देखि ०७९।१२।२५ | काठमाण्डौ | कार्यालय सम्वन्धि कामकाज |
| विवेक कुमार साह | ०७९।८।१ देखि ०७९।८।७ | काठमाण्डौ | कार्यालय सम्वन्धि कामकाज |

| | | | |
|---|---|---|---|
| सशिल कुमार यादव | ०७९।४।१३ देखि ०७९।४।१९ | काठमाण्डौ | कार्यालय सम्वन्धि कामकाज |
| विनोद राय | ०७९।१०।१८ देखि ०७९।१०।२० | जनकपुर | कार्यालय सम्वन्धि कामकाज |

सैद्धान्तिक बेरुजु

३० **तालिम तथा अन्य कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(८) बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालिम, सेमिनार, गोष्ठी तथा कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा विल भरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संञ्चालन पेश्की लिई संञ्चालन गरेको स्वास्थ्य तथा अन्य कार्यक्रममा नियमावलीले निर्देश गरे अनुसारको प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत नगराई कार्यक्रम तथा तालिम गर्ने गरेको छ । पालिकाले नियमावली अनुसार तालिम तथा कार्यक्रम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन ।आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूजिगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले प्रतिफल नदिने हुन्छ । यस्तो वितरणमुखि एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गत विगतमा सुझाव दिंदै आएकोमा यो वर्ष व्यक्तिलाई आर्थिक सहायता भनी रु ९४१०००।० वितरण गरेको देखिन्छ ।यस्तो आर्थिक सहायता वितरण गर्दा पालिकाले कार्यविधि तयार गरी सोही अनुसार वितरण गर्नुपर्नेमा सो समेत नगरी अध्यक्षको तोक आदेशको आधारमा रु ५०००।० सम्म र सो भन्दा माथिको हकमा कार्यपालिकाको निर्णयले तोकेको रकम वितरण गरेको छ। यस्ता आर्थिक सहायता झल्किने भन्दा पनि वितरणमुखी झल्किने खालको देखिन्छ । आर्थिक सहायता वितरण गर्दा पर्याप्त कारण उल्लेख नगरी आर्थिक अवस्था कमजोर भन्ने पत्रको आधारमा आर्थिक सहायता वितरण गरेको छ । पालिकाले कार्यविधि तयार गरी वास्तविक सहायता दिनुपर्ने व्यक्तिलाई मात्र आर्थिक सहायता दिनेतर्फ ध्यान दिई अन्य आर्थिक सहायता दिन मिल्ने कानूनी व्यवस्था नभएकोले अनुत्पादक आर्थिक सहायता खर्च नियन्त्रण गर्नुपर्दछ । केही उदाहरण

| **भौचर नं. र मिति** | **भुक्तानी लिने व्यक्ति** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ३७५।०८०।३।६ | चादनी कुमारी ठाकुर | आर्थिक अवस्था कमजोर | ५००० |
| ३७६।८०।३।६ | अरविन्द कुमार सिह | आर्थिक अवस्था कमजोर | ५००० |
| ४५५।०८०।३।२३ | जोगेन्द्र मण्डल | आर्थिक अवस्था कमजोर | ५००० |
| ३४।०७९।१०।२४ | सन्तोष राउत कुर्मी कार्यपालिकाको निर्णयानुसार ५१ हजार र १०० लिटर इन्धन | विष्णु यज्ञको लागि | ५१००० |

सैद्धान्तिक बेरुजु

३२ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आयको अनुमान रु ४००००० गरेकोमा वास्तविक आय रु ३८७९७७२ भएको छ। आय अनुमानको तुलनामा बास्तविक आय ९७ % देखिएकोले अनुमान यथार्थको नजिक पुगेको देखियो। २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| **केन्द्रिय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| ३४६८५२४८५ | ३८७९७७२ | १.११ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.११ % प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्द आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३३ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| मालपोत /भूमिकर | ९०००० | ९०००० | १०० |
| घर वहाल कर | ४०००० | ४८१६४ | १२० |
| न्यायिक दस्तुर | २००० | २००० | १०० |
| परीक्षा शुलक | १०००० | १०००० | १०० |
| अन्य प्रशासनिक शुल्क | ५०००० | ५०००० | १०० |
| सिफारीस दस्तुर | २५०००० | २५०००० | १०० |
| व्यक्तीगत घटना दस्तुर | २५००० | २५००० | १०० |
| नाता प्रमाणीत दस्तुर | २५००० | २५००० | १०० |
| अन्य राजस्व | ३४८३००० | ३३५४६०८ | ९६ |
| नक्सापास दस्तुर | १२००००० | ० | ० |
| सिफारीस दस्तुर | ३५००००० | | ० |
| व्ययवसाय कर | २५००० | २५००० | १०० |
| बैंक मौज्दात | ९०७१०९०० | ८७८५७५२६ | ९९ |
| **जम्मा** | **५२०३४२९००** | **३९१९८४४६३** | **७५** |

सैद्धान्तिक बेरुजु

३४ **अपुग कर -** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा खरिद वापत रकम भुक्तानी गर्दा मूल्य अभिवृद्धि करमा दर्ता नभएका सम्झौता रकममा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मूल्य अभिवृद्धि करमा दर्ता नभएको सामाजिक विकास केन्द्र नेपाललाई न्यापालिका समितिलाई क्षमता विकास तालिमको सेवा खरिद गरी रु ४३९८६५।० भुक्तानी दिएको छ । मूल्य अभिवृद्धि कर विजक जारी नगर्ने उक्त संस्थालाई भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी भुक्तानी गर्नुपर्नेमा कम कर रु ४१०४४।० मात्र कट्टि गरी भुक्तानी गरेकोले अपुग कर रु २४९३५।० असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,९३५ |

३५ **पारिश्रमिक कर-** आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर योग्य आय रु. ६ लाख भन्दा माथिको पहिलो २ लाखमा १० प्रतिशतका दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ । पालिकाका देहायका पदाधिकारीहरुको २०७६ माघदेखि २०७९ बैशाखसम्म सेवा सुविधा बापत रु.१६०८६७६६.७० भुक्तानी गरेकोमा बार्षिक रु. ६ लाख भन्दा बढीमा समेत पारिश्रमिक कर कट्टा नगरेकोले पारिश्रमिक बापतको १० प्रतिशतले हुने रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| जन प्रतिनिधिको नाम | गत वर्षको | नपुग कर |
|---|---|---|
| संजयकुमार साह | ६५१००० | ५१०० |
| रामप्रवेश साह तेली | ६५१००० | ५१०० |
| गोविन्द महतो | ६५१००० | ५१०० |
| श्याम बाबु राय | ६५१००० | ५१०० |
| रामसिहासन राय | ६५१००० | ५१०० |
| सत्यनारायण प्रसाद यादव | ६५१००० | ५१०० |
| गणेश राय | ६५१००० | ५१०० |
| विकाउ चौधरी | ७३५००० | १३५०० |

| | | |
|---|---|---|
| **जम्मा** | | ४९२०० |
| | असुल गर्नुपर्ने | ४९,२०० |

३६ **जरिवानाः ७८।०७९।११।१२,** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १५ रकम विनियोजन भएको एव कार्यालय प्रमुख र लेखा प्रमुख वहाल भएकै अवस्थामा धारा तथा विजुलीको महशुल समयमा भुक्तानी नगरी जरिवाना तिर्नुपर्ने अवस्था आएमा त्यस्तो जरिवाना लेखा प्रमुख तथा कार्यालय प्रमुखलाई जिम्मेवारी बनाउनुपर्ने व्यवस्था गरेको छ । कार्यालयले नेपाल विद्युत प्राधिकरणलाई तोकिएको समय विद्युत महसुल नबुझाई ढिला महसुल बुझाएकोले जरिवाना रु.३५०५६।० सहित रु.१८४७८१।० खर्च लेखेको छ। यसरी ढिला गरी महसुल बुझाउदा कार्यालयलाई रु.३५०५६।० बढी व्ययभार पर्न गएको छ। यसरी ढिला दाखिला गर्ने कार्यमा पालिकाले नियन्त्रण गरी समयमा विधुत महसुल बुझाउनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७ **आयुर्वेद औषधि खरिदः ३१६।०८०।२।२२,** पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ ।आपूर्ति हुने औषधि वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरीभण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले ३५ प्रकारका आयुर्वेद औषधु आयुर्वेदन सप्लार्यसबाट रु ४९९८९०।० मा खरिद गरी भुक्तानी दिएको छ। आपूर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।साथै खरिद गरिएको औषधि तथा औषधिजन्य सामाग्रीहरु सुचनामा उल्लेखित भए नभएको विज्ञ टोलीले अनुगमन तथा यकिन गरेर मात्र भुक्तानी गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३८ **बील तथा भरपाई** –

.......... *(प्रारम्भिक प्रतिवेदन असुल दाखिलाको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२० को निर्णयबाट रु.१००० सम्परीक्षण गरिएको ।)*

३९ **सोझै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले एकै प्रकृतिको

मसलन्द तथा कार्यालय समाग्री (फोटोकपी पेपर, दर्ता तथा चलानी रजिष्टर, पेन, काटिज लगायतका) सामाग्री फर्मबाट सोझै खरिद गरी रु.१९२५७९१ खर्च गरेको छ। सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा एवं पारदर्शिता हुने गरी खरिद गर्नुपर्दछ।

| **भौचर नं. र मिति** | **फर्म** | **विवरण** | **रकम** |
|---|---|---|---|
| २९९।८०।२।१५ | ईन्टेल कम्प्यूटर एण्ड इलेक्ट्रोनिक्स | काटिज | ५२६१२६ |
| ४४६।०८०।३।२२ | नमन ट्रेडर्स मलगवा | फोटोकपि पेपर रजिष्टर लगायत | ९९६५९२ |
| ४६०।०८०।३।२३ | जानकी स्टेशनरी स्टोर्स | दर्ता चलानी रजिष्टर फोटोकपि लगायत | ४०३०७३ |
| | **जम्मा** | | **१९२५७९१** |

सैद्धान्तिक बेरुजु

४० **डोर हाजिरी** –

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२० को निर्णयबाट रु.५९४० सम्परीक्षण गरिएको ।)*

४१ **गत विगतको भुक्तानी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमाएकमुष्ट रु.१६३०००००।० समावेश गरी निवर्तमान जनप्रतिनिधिहरुको बाँकी भुक्तानी भनी एकमुष्ट रकम राखी रु.१६०८६७६६।० तलब भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी व्यक्ति वाइज बजेट राख्ने गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४२ **पारिश्रमिक कर —**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल दाखिलाको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२० को निर्णयबाट रु.५६३३४ सम्परीक्षण गरिएको ।)*

४३ **दोहोरो भत्ताः**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२० को निर्णयबाट रु.१०९७२ सम्परीक्षण गरिएको ।)*

४४ **अनुगमन भत्ताः** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धि ऐन, २०७७ को दफा ८ मा पदाधिकारी तथा सदस्यले आफ्नो क्षेत्रभित्र स्थानीय तहले संञ्चालन गरेको आयोजना वा कार्यक्रमको अनुगमन गरेवापत प्रतिमहिना बढीमा ३ पटकसम्म अनुसुचि बमोजिम अनुगमन भत्ता पाउने व्यवस्था छ । साथै अनुगमन भत्ता रकम माग गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्नुपर्ने र सोही प्रतिवेदनको आधारमा मात्र त्यस्तो भत्ता भत्ता रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष नगरस्तर अनुगमन तथा वडास्तरिय अनुगमन भनी ६२ वटाको अनुगमन भत्ता भुक्तानी गरेको छ। सो भुक्तानीको श्रेस्ताको परिक्षण गर्दा अनुगमन कहिले कहिले गएको खुलेको छैन जसले गर्दा महिनाको ३ वटाभन्दा बढीको भुक्तानी गएको हो/होइन यकिन गर्न सकिएन। साथै ऐन अनुसार अनुगमन भत्तामा महिनाको ३ वटा तथा बार्षिक ३६ वटा भन्दा बढीको अनुगमन भत्ता लिन पाउने व्यवस्था नभएकोले पालिकाले उपाध्यक्ष श्री उमा देवीलाई ६२ वटाको अनुगमन भत्ता भुक्तानी गरेकोले बढी २६ वटाको कर बाहेक रकम रु.८५०।० को दरले रु.२२१००।० असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,१०० |

४५ **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २९ र यो वर्ष थप भएको ४१ गरी कुल ७० विवाद दर्ता भएकोमा २५ वटा मात्र फस्यौंट भई ४५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४६ **पेश्की लिई सामाग्री खरिदः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४९(१) मा बिक्रेताबाट सोझै मालसामान खरिद गर्न नसकिने भएमा मात्र त्यस्तो मालसामान खरिद गर्न आफ्नो कार्यालयको कर्मचारीलाई पेश्की दिन सक्ने व्यवस्था छ । पालिकाले विभिन्न कार्यालय सिधै खरिद

गर्न सकिने कार्यालय समाग्री, कृषि समाग्री, पशु औषधि, लघु उद्यमको सामाग्री लगायतहरु खरिद गर्न कर्मचारीलाई पेश्की दिएको छ । जसले गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा तरिकाले खरिद भएको छ भन्ने आधार देखिंदैन । यस्तो कार्यमा कार्यालयले नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४७ **सहकारी नियमनः** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ११ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ, ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **आन्तरिक लेखापरीक्षण :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन्। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **तालिम तथा अन्य कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(८) बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालिम, सेमिनार, गोष्ठी तथा कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा विल भरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संञ्चालन गरेका स्वास्थ्य तथा अन्य कार्यक्रममा नियमावलीले निर्देश गरे अनुसारको प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत नगराई कार्यक्रम तथा तालिम गर्ने गरेको छ । पालिकाले नियमावली अनुसार तालिम तथा कार्यक्रम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५० **इन्धन खर्च :** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को अनुसूचि १ (ग)मा गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षलाई प्रति महिना १०० लि.उपलब्ध गराउने व्यवस्था छ। पालिकाले यस वर्ष सुत्र अनुसार इन्धनमा पदाधिकारी इन्धमा मात्र रु.५९९२६२।० खर्च गरेको देखिन्छ। पालिकाले सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन्। सहायक जिन्सी अनुसारस्थानीय तहमा गाउँपालिका अध्यक्षले मात्र चारपाङ्ग्रे १ वटा सवारी साधन प्रयोगमा रहेका छन्। स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ अनुसार उक्त सवारी साधनलाई वर्षभरी १२०० लिटरको रकम खर्च गर्नुपर्ने देखिन्छ। उक्त विधेयक अनुसार १ सवारी साधनमा बर्षभरीमा पालिकाले गत वर्षको इन्धनको अधिक्तम दर रु.१८१।० लाई आधार लिँदा अध्यक्षले प्रति महिना १०० लिटरका दरले एक वर्षमा १ गाडीमा १२०० लि. प्रयोग गरी रु. २१७२००।० खर्च गर्नुपर्नेमा रु. ५९९२६२।० खर्च गरीएकोले रु. ३८२०६२।० को बढी खर्च गरेको छ। यसरी पालिकाले मधेश प्रदेशले तोकेको अधिक्तम सुविधा भन्दा बढी इन्धन प्रयोग रु ३८२०६२।० खर्च लेखेकोले बढी व्ययभार पर्न गएको देखिन्छ। पालिकाले यस्तो ईन्धन खर्चमा रजिष्टर राखी ऐनले तोकेको परिमाण भन्दा बढी परिमाणमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५१ **बैठक भत्ताः**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर नियमितको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१७ को निर्णयबाट रु.७५००० सम्परीक्षण गरिएको ।)*

५२ **कर्मचारी प्रोत्साहन भत्ता-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले अत्यधिक कार्यवोझको कारण देखाई गाउँसभाले निर्णय गरी कार्यालय प्रमुख तथा लेखा प्रमुखलाई ७० प्रतिशत र अन्यलाई २० प्रतिशतका दरले प्रोत्साहन भत्ता खर्च लेखेकोमा कानुन वनाएको देखिदैन। अत्यधिक कार्यवोझ भनिएकोमा कुन कर्मचारीले केकति दिन कति अतिरिक्त कार्य गरेको सम्वन्धमा एकिन हुने अभिलेख तयार गरेको छैन। अत अत्यन्त न्यून आन्तरिक आय रहेको अवस्थामा समेत कार्यविधि तयार नगरी तथा अतिरिक्त समय कार्यगरेको अभिलेख नबनाई यो बर्ष १३ स्थायी र करारको कर्मचारीलाई तलवस्केलको ७० प्रतिशतसम्म दरले प्रोत्साहन भत्ता रु १६०५५२५।० खर्च गरेको कारण आर्थिक व्ययभार बढ्नगएको छ। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५३ **शिक्षातर्फ**

५३.१ **कार्य सम्पादन अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलापन नं. २.७.१३.१३ को ९.२ मा कार्य सम्पादनमा आधारित अनुदान दिदाँ विद्यालयलाई विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को अनुसुची ३ बमोजिम कार्यसम्पादन मुल्याङ्कन सुचकका आधारमा विद्यालयलाई प्रस्ताव पेश गर्न लगाउने ।प्राप्त प्रस्तावका आधारमा विद्यालयको कार्यसम्पादन मुल्याङ्कन गरी उत्कृष्ट सुचक भएको विद्यालयले शिक्षण सिकाइ समय कार्यान्वयन कार्यविधि २०७४ लागु गरेको सुनिश्चितता गरेपछि मात्र प्रति विद्यालय ५० हजारको दरले अनुदान उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाले निम्न विद्यालयलाई निर्देशिका अनुसारको प्रस्ताव माग तथा प्रस्तावको मुल्याङ्कन र कार्यविधि २०७४ लागु गरेको सुनिश्चिता नगरी कार्यसम्पादन अनुदानको लागि छनौट गरी भौ नं १६१।२०८०।०३।१२ बाट रु ३०००००।०० निकासा गरेको छ । पालिकाले निर्देशिका तथा कार्यविधिको परिपालना गरी विद्यालय छनौट गर्ने कार्यमा ध्यान दिनुपर्नेमा छनौटको आधार पेश हुन नसकेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| **क.सं.** | **विद्यालयको नाम र ठेगाना** | **रकम रु.** |
|---|---|---|
| १ | श्री प्राथमिक विद्यालय वेल्वा | ४४००० |
| २ | श्री राष्ट्रिय प्राथमिक विद्यालय बारा | ४४००० |
| ३ | श्री प्राथमिक विद्यालय पकडी | ४४००० |
| ४ | श्री जनता प्राथमिक विद्यालय मधुवन विश्वनाथपुर | ४४००० |
| ५ | श्री पब्लिक प्राथमिक विद्यालय सिमरा | ४४००० |
| ६ | श्री सामुदायिक प्राथमिक विद्यालय दुल्वा | ४४००० |
| ७ | श्री सामाजिक आधारभुत विद्यालय दुल्वा बत्रौल | ९००० |
| ८ | श्री जनता माध्यमिक विद्यालय सिमरा | ९००० |
| ९ | श्री जनता तेजनारायण दयावती मा.वि पकडी, फेन्हारा, सिमरा | ९००० |
| १० | श्री माध्यमिक विद्यालय मधुबनगोठ | ९००० |

| | |
|---|---|
| जम्मा | ३००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

५३.२ **विद्यालयगत निकासा खाताः** विद्यालय कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी (आवश्यकता अनुसार सफ्टवेयरमा समेत) प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५३.३ **स्यानिटरी प्याड** : स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ११७६ जना रहेका छन। पालिकाले अंशु इन्टरप्राइजेज बाट १४१०० थान स्यानिटरी प्याड रु. ९०८१८१ (मू.अ.कर समेत)मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि पालिकाभित्र रहेका १० सामुदायिक विद्यालयहरुलाइ ९७४४ थान वितरण गरी बाँकी मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५३.४ **बुक कर्नर :**

✂ ..........*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।४, ऐ. ६ गते र ऐ. २१ गतेको निर्णयबाट रु.१११०००० सम्परीक्षण गरिएको ।)*

५३.५ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा शिक्षा ऐन, २०२८ मा तलवी

प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ रु. १८९८८४७५।९० र शिक्षातर्फ रु. २६७१२४८३।३० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३.६ **शिक्षक दरवन्दी र पदपूर्ति :** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| **क्र.सं.** | **विद्यालयको नाम** | **शिक्षक दरबन्दी** | **पदपूर्ति** | **पदपूर्ति मध्ये करार** | **विद्यार्थी संख्या** |
|---|---|---|---|---|---|
| १ | श्री प्राथमिक विद्यालय वेल्वा | ३ | ३ | ० | १७३ |
| २ | श्री राष्ट्रिय प्राथमिक विद्यालय बारा | ५ | ५ | ० | ३५२ |
| ३ | श्री प्राथमिक विद्यालय पकडी | ५ | ५ | ० | ३३४ |
| ४ | श्री जनता प्राथमिक विद्यालय मधुवन विश्वनाथपुर | ४ | ४ | ० | ३१४ |
| ५ | श्री पब्लिक प्राथमिक विद्यालय सिमरा | ३ | ४ | १ | १८७ |
| ६ | श्री सामुदायिक प्राथमिक विद्यालय दुल्वा | ४ | ६ | ० | ३३९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | श्री सामाजिक आधारभुत विद्यालय दुल्वा बत्रौल | १० | १० | १ | ४७० |
| ८ | श्री जनता माध्यमिक विद्यालय सिमरा | १२ | १२ | ० | ७३९ |
| ९ | श्री जनता तेजनारायण दयावती मा.वि पकडी, फेन्हारा, सिमरा | १६ | ९ | अनुदान ३ | २०६४ |
| १० | श्री माध्यमिक विद्यालय मधुबनगोठ | १५ | १५ | ० | १६४२ |

पालिका भित्रका १० विद्यालय रहेकोमा केही विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको देखिन्छ । विद्यार्थी संख्या पहुँच लगायतका व्यहोरालाई आधार बनाई विद्यालयलाई एक आपसमा गाभी सरकारी खर्चलाई प्रभावकारी तथा मितव्ययी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३.७ **विद्यालय व्यवस्थापन समितिको गठनः** शिक्षा ऐन, २०२८ (नवौं संशोधन)को दफा १२ मा विद्यालय व्यवस्थापन समितिको गठन तथा दफा १२(६) मा उक्त समितिको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था गरेको छ । पालिकाका निम्न विद्यालयमा यस वर्ष विद्यालय व्यवस्थापन समिति गठन भएको छैन । जसले विद्यालय व्यवस्थापन समितिको निर्णय वेगर खर्च गरिरहेको देखिन्छ । विद्यालयले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रकृयामा पालिकासँग समन्वय गरी पहल गर्नुपर्ने तथा पालिकाले समेत समन्वय गरी गठन प्रकृयालाई टुङ्ग्याउनुपर्दछ ।

| **विद्यालयको नाम र ठेगाना** |
|---|
| श्री प्राथमिक विद्यालय वेल्वा |
| श्री राष्ट्रिय प्राथमिक विद्यालय बारा |
| श्री प्राथमिक विद्यालय पकडी |

| |
|---|
| श्री जनता प्राथमिक विद्यालय मधुवन विश्वनाथपुर |
| श्री पब्लिक प्राथमिक विद्यालय सिमरा |
| श्री सामुदायिक प्राथमिक विद्यालय दुल्वा |
| श्री सामाजिक आधारभुत विद्यालय दुल्वा बत्रौल |
| श्री जनता माध्यमिक विद्यालय सिमरा |
| श्री जनता तेजनारायण दयावती मा.वि पकडी, फेन्हारा, सिमरा |
| श्री माध्यमिक विद्यालय मधुबनगोठ |

सैद्धान्तिक बेरुजु

५३.८ **दिवा खाजा** : शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८० को क्रियाकलापन २.७.११.१ मा दिवा खाजाको व्यवस्थापनका लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा तथा व्यवस्थापन विधिको छनौट गरी खाजा मापदण्ड बमोजिमको हुनेगरी विद्यालयकै सहयोगी कर्मचारीबाट वा आमा समूह बनाई वा स्थानीय तहले पहिचान गरेको अन्य मोडेलबाट खाजा खुवाउनुपर्ने तथा सो अनुसार विद्यालयले दिवा खाजा खुवाए नखुवाएको स्थानीय तहबाट निरीक्षण अनुगमन गर्नुपर्ने तथा अनुगमन निरीक्षणबाट देखिएको व्यहोरा अनुगमन निरीक्षण पुस्तिका खडा गरी राय सुझाव समेत दिनुपर्ने उल्लेख गरेको छ । पालिकाले यस वर्ष दिवा खाजामा १२ विद्यालयका कक्षा १ देखि ६ सम्मका विद्यार्थी संख्या अनुसार असारसम्म रु ७३३६०४५।० खर्च लेखेको छ । पालिकाबाट विद्यालयले कार्यान्वयन पुस्तिका अनुसार खाजा खुवाए नखुवाएको निरीक्षण अनुगमन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५४ स्वास्थ्यतर्फ

५४.१ **औषधि खरिदः** पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा

आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधि वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यस वर्ष पालिकाले संघीय शसर्त बजेट उप-शिर्षकबाट १८६३९५०।०० र गाउँपालिका चालु शीर्षकबाट रु ६०००००।०० को औषधि खरिद गरी बिजय मेडिकल हललाई रु. २४६३९५०।०० भुक्तानी दिएको छ। पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपुर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीहरुमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । पालिकाले औषधि खरिद उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ । साथै खरिद गरिएको औषधि तथा औषधिजन्य सामाग्रीहरु सुचनामा उल्लेखित भए नभएको विज्ञ टोलीले अनुगमन तथा यकिन गरेर मात्र भुक्तानी गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५४.२ **न्यानो झोला कार्यक्रम :** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतको सिमरा हेल्थ पोष्ट बर्थिङ सेन्टरमा यस वर्ष ८०० थान को रु. ७१६७९९।०० मा खरिद गरेकोमा यस वर्ष ३९५ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ४०५ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५४.३ **पोषण सम्बन्धी कार्यक्रममा बढी भुक्तानीः**

✂ **..........** *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२० को निर्णयबाट रु.५२०० सम्परीक्षण गरिएको ।)*

५४.४ **बहुक्षेत्रीय पोषण कार्यक्रमः** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९।३।१३ को परिपत्रको बुदा नं ५(ग) मा महिला समुह वा सहकारीका २५ जना सदस्यलाई प्रति सदस्य २५०००।०

को दरले हुने एकमुष्ट रु ६२५०००।० अनुदान दिन सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष महिला सहकारी तथा समूहमा बहुक्षेत्रीय पोषण सम्बन्धी आयमुलक कार्यक्रम सञ्चालनको लागि सम्झौतामा भएको शर्त अनुसारको कार्य गर्नको लागि लक्ष्मी महिला समुहलाइ भौ.नं. २१५ मिति २०८०।०३।२४ बाट रु ६०००००।० अनुदान दिएको छ । पालिकाले अनुदान निकासा गर्दा गरेको सम्झौता अनुसार रकम प्रदान गरिएका समुह सहकारीले प्राप्त रकमको सदुपयोग तथा सञ्चालन गरेको व्यवसायहरुको अनुगमन पहिलो पक्षले गर्नुपर्नेछ । पहिलो पक्षबाट अनुगमनमा दोश्रो पक्षले समन्वय र सहजीकरण गर्नुपर्नेछ । अनुगमन गर्दा अनुदानको दुरुपयोग भएको पाइएमा स्थानीय रकम फिर्ता लैजान सक्नेछ भन्ने उल्लेख गरेकोमा पालिकाले अनुगमन गरेको पाइएन। पालिकाले अनुदान दिएको रकमको सदुपयोग भए नभएको अनुगमन गरी यकिन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५५ **गत वर्षको भुक्तानी :**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर नियमितको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।४ को निर्णयबाट रु.२४६१४४२ सम्परीक्षण गरिएको ।)*

५६ **प्रविधि हस्तान्तरणः**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२१ को निर्णयबाट रु.९८८००० सम्परीक्षण गरिएको ।)*

५७ **कृषि पशुतर्फ**

५७.१ **बंगुर फारम व्यवस्थापनः** ४५६।०८०।३।२३, मधेश प्रदेशबाट प्रकाशित कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ को दफा ६ मा पालिकाले अनुदानग्राहीको छनौट र अनुदान रकम रकम निर्धारण भए पश्चात अनुदानग्राहीसँग सम्झौता गर्नुपर्ने तथा दफा ८ मा अनुदान प्राप्त गर्ने अनुदानग्राहीले बीमा गर्नुपर्ने साथै दफा १३ मा कार्यविधि बमोजिम अनुदान भुक्तानीको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सवारी महिला समुहलाई बंगुर फारम व्यवस्थापनको लागि रु ६०००००।० अनुदान दिएकोमा समुहले सो अनुदान रकमको दाना खरिदको विल मात्र पेश गरेको छ । पालिकाले अनुदानग्राहीसंग सम्झौता गरेको तथा बंगुर फारमको बीमा गरेको प्रमाण श्रेस्तासाथ पाइएन भने लागत सहभागिता समेत गरेको छैन । पालिकाले अनुदान दिदा कार्यविधि अनुसार सम्झौता, बीमा तथा अनुगमन गरेर लागत सहभागिता गरेर मात्र अनुदान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७.२ **कार्यक्रमको लक्षित समुदायः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन निर्देशिका, २०७७ को दफा ४.१.९.१(क) मा स्थानीय तहले सार्वजनिक सूचना प्रकाशन गरी तोकिएको पकेट क्षेत्रका स्थानीय तह वा अन्य सरकारी निकायमा नियमानुसार दर्ता भएका कृषक समूह, कृषि कार्य गर्ने उदेश्यले दर्ता भएका सहकारी, नियमानुसार दर्ता भएका उपभोक्ता समिति कृषि फर्म वा कम्पनीहरु मध्येबाट इच्छुक लक्षित समुदाय वर्गलाई पकेट कार्यक्रममा सहभागी हुन अनुसुचि ९ बमोजिमको ढाँचामा आव्हान गर्ने तथा सोही आव्हान अनुसार पकेट कार्यक्रममा सहभागी हुने संस्था समुह कृषि फर्मले तोकेको वाली/वस्तुमा आधारित रही अनुसुची १० बमोजिमको ढाँचामा आवेदन पेश गर्नुपर्ने र प्राप्त आवेदनहरुको अनुसुची ११ बमोजिमको मूल्याङ्कनको आधारहरुमा प्राविधिक समितिले मूल्याङ्कन गर्ने र प्राप्त मूल्याङ्कनको स्थानीय तह समक्ष पेश गर्ने र स्थानीय तहले बजेटको आधारमा सिफारिस गरिएका लक्षित वर्षको आवेदन स्वीकृत वा अस्वीकृत गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष २ वटा पकेट समितिलाई ५० प्रतिशत अनुदान दिएकोमा पकेट कार्यक्रमको लागि सो फर्महरु छनौटको आधार खुलाएको छैन ।

सैद्धान्तिक बेरुजु

५७.३ **कार्य सम्पन्न प्रतिवेदनः**

........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।४ को निर्णयबाट रु.१०००००० सम्परीक्षण गरिएको ।)*

५७.४ **अनुगमन तथा मूल्याङ्कनः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन निर्देशिका, २०७७ को दफा ४.१.१३ मा परियोजना कार्यान्वयन इकाई, प्रदेश सरकार अन्तर्गतको निकाय र स्थानीय तहले पकेट विकास कार्यक्रम अन्तर्गत सञ्चालित क्रियाकलापहरुको एकल वा पकेट क्षेत्रका लाभग्राही एव सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने तथा स्थानीय तह र पकेट सञ्चालन समन्वय समितिले पकेट कार्यक्रमको सार्वजनिक सुनुवाईका लागि सहजीकरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्न समितिलाई पकेट अनुदान निकासा गरेकोमा सार्वजनिक सुनुवाई गरेको पाइएन। अतः पालिका र पकेट सञ्चालन समिति समन्वय गरी सार्वजनिक सुनुवाई गर्नुपर्दछ।

| **भौचर नं. र मिति** | **फर्म** | **विवरण** | **अनुदान रकम** |
|---|---|---|---|
| २१४।०८०।३।२४ | जानकी कृषि सहकारी संस्था | धान पकेट कार्यक्रम | ६००००० |
| २३६।०८०।३।२४ | जय राजदेवी माई कृषि सहकारी संस्था लि | माछा विकास कार्यक्रम ५० प्रतिशत अनुदान | १५००००० |

सैद्धान्तिक बेरुजु

५७.५ **कार्य सम्पन्न प्रतिवेदनः**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।६ को निर्णयबाट रु.२५५००० सम्परीक्षण गरिएको ।)*

५७.६ **अग्रिम करः**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर दाखिला भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२० को निर्णयबाट रु.२०७७२ सम्परीक्षण गरिएको ।)*

## ५८ सामाजिक सुरक्षातर्फ

५८.१ **सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम यस वर्ष बालपोषण सहित सामाजिक सुरक्षा भत्तामा यस आर्थिक वर्षमा ७ बैंकद्वारा ८ वडामा रु ९८२१७८२९।० खर्च भएको छ। यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छ ।

सैद्धान्तिक बेरुजु

५८.२ **फिर्ता रकम -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा १८ मा स्थानीय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक बर्ष समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अगाबै वितरण कार्य सम्पन्न गरी आर्थकि कारोबार बन्द गर्नुपर्नेछ। आर्थिक बारोबार बन्द गरेपछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अद्यावधिक बैंकसंगको हिसाव मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्नेछ। भत्ता वितरणको लागि निकासा भएको रकम सोही आर्थिक बर्षमा खर्च नभएमा बाँकी रकम फ्रिज भई नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले ढिलो गरी हिसाब मिलान गरी १ बैंकबाट रु ३५६४२७।० फिर्ता गराएको छ। पालिकाले समयमा हिसाब मिलान गरी रकम फिर्ता गर्नुपर्दछ। साथै पालिकाले लेखापरीक्षणको क्रममा रिभर्स फिड उपलब्ध नगराएकोले बैंकले फिर्ता गर्नुपर्ने हो यकिन गर्न सकिएन।

सैद्धान्तिक बेरुजु

५८.३ **लगत कट्टाको अभिलेखः** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्य भएमा, एकल महिला लाभग्राही विवाह गरेमा वा ऐन नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा

हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सुचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने, लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मुल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष ०७९।८० मा लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख समयमै अद्यावधिक गरको देखिएन । जसले गर्दा लगत कट्टा गर्नुपर्ने लाभग्राहीले पनि भत्ता पाइरहेको हो या होइन भनी एकिन गर्न सकिएन । पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

| **वडा नं.** | **लक्षित समूह** | **नाम** | **लगत कट्टाको कारण** | **लगत कट्टा लागु मिति** | **लगत कट्टा गरेको मिति** |
|---|---|---|---|---|---|
| २ | अन्य जेष्ठ नागरिक भत्ता | अनुपिया देवी | मृत्यु | 2080-06-30 | 2080-09-22 |
| ५ | अन्य जेष्ठ नागरिक भत्ता | सुखलाल पंडित कुम्हार | मृत्यु | 2079-12-30 | 2080-03-07 |
| ३ | अन्य जेष्ठ नागरिक भत्ता | योगेन्द्र महरा | मृत्यु | 2079-10-01 | 2080-03-19 |
| ८ | अन्य जेष्ठ नागरिक भत्ता | दुखिया देवी | मृत्यु | 2079-10-03 | 2079-12-26 |
| ८ | अन्य जेष्ठ नागरिक भत्ता | अनुपिया देवी | मृत्यु | 2079-10-02 | 2079-12-26 |
| ४ | अन्य जेष्ठ नागरिक भत्ता | ईसर लोहैन | मृत्यु | 2079-12-30 | 2080-03-19 |
| ६ | अन्य जेष्ठ नागरिक भत्ता | गणेशी महरा चमार | मृत्यु | 2079-12-30 | 2080-03-04 |
| ५ | अन्य जेष्ठ नागरिक भत्ता | नेवा पंडित कुम्हार | मृत्यु | 2079-07-02 | 2079-12-23 |

सैद्धान्तिक बेरुजु

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : विष्णु गाउँपालिका, सिमरा, सर्लाही ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| लेखा प्रमुख | Saroj Kumar Thakur | २०७९-१०-११ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १९६,४५३ | २,५३६,४४२ | ४,०६५,२०३ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६,७९८,०९८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ५,९८९,६६० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ८०८,४३८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९१९२०६४८.८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २४५८५७७५० | **चालु खर्च** | २०६९२२७८८ |
| **प्रदेश सरकारबाट अनुदान** | १७३६३००० | **पूँजीगत खर्च** | १४३८०९४६९.९३ |
| **राजश्व बाँडफाँट** | ६३५६९४८२.९४ | **वित्तीय/अन्य व्यवस्था** | १३४७५३४३९.८७ |
| **आन्तरिक आय** | ३८७९७७२.४ | | |

| | | | |
|---|---|---|---|
| **अन्य आय** | ११६६२४७९६.८६ | | |
| **कुल आय** | ४४७२९४८०२.२ | **कुल खर्च** | ४८५४८५६९७.८ |
| **बाँकी मौज्दात** | | ५३७२९७५३.२ | |

संपरीक्षणबाट थप भएको बेरूजू

| **क्र.सं.** | **बेरुजुको विवरण** | **रकम** |
|---|---|---|
| १ | **गत वर्षको भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सिर्जित दायित्व मध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी कर्मचारीहरुको जेठ र असार महिनाको तलब भनि रु. २०४४५६०।०० , कर्मचारी हरिनाथ प्रसादको २०७८।०७९ पुस देखिको असार मसान्तसम्मको तलब भत्ता रु. ४१६८८२ गरी जम्मा रु. २४६१४४२ भुक्तानी दिएको छ। गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरेर मात्र गत वर्षको भुक्तानी गर्नुपर्दछ । | 0.00 |

**नोटः** प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्नेछ ।